त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौँ, नेपाल

इन्टर्नसिपको रुपमा काममा लगाउने सम्बन्धी जरुरी सूचना

प्रकाशित मिति २०८३/०८/०१

यस कृषि र पशु विज्ञान अध्ययन संस्थानद्वारा आउँदो मिति २०८३।१०।२३ देखि २५ (Feb 6 -8, 2027 सम्म सञ्चालन गर्न लागिएको ***"International Conference on Transforming Agriculture Education and Alumni Meet-2027"*** विषयक **International Conference** मा सहजिकरण गर्नका लागि ***"त्रि.वि. इन्टर्नसीप सम्बन्धी कार्यविधि २०७८"*** बमोजिम इन्टर्नसिपमा काम गर्न इच्छुक यस अध्ययन संस्थान अन्तर्गत स्नातकोत्तर तहमा अध्ययनरत सूचना प्रविधि (IT) Desktop सम्बन्धी राम्रो ज्ञान भएका विद्यार्थीहरुबाट Conference अवधिसम्म दैनिक काममा लगाउने गरी आवेदन आव्हान गरिएको छ ।

आवेदन दिने समय : २०८३।०८।१ गतेदेखि ०७ गतेसम्म
(विहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म)

आवश्यक संख्या : २ (दुई)

आवेदन बुझाउने स्थान : कृ.प.वि.अ.सं.,डीनको कार्यालय (शैक्षिक प्रशासन शाखा)

आवेदनको नमूना यसैसाथ संलग्न रहेको छ ।

.....
डा. पुष्पराज पौडेल
सहायक डीन (शिक्षण)

आवेदनको नमूना

श्रीमान् डीनज्यू
कृषि तथा पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय, कीर्तिपुर।

विषय: इन्टर्नसिपमा सहभागी हुन पाऊँ भन्ने सम्बन्धमा।

महोदय,

उपर्युक्त सम्बन्धमा यस कृषि तथा पशु विज्ञान अध्ययन संस्थानद्वारा आयोजना हुन गइरहेको **"International Conference on Transforming Agriculture Education and Alumni Meet-2027"** (February 6–8, 2027) को प्रचारप्रसार तथा व्यवस्थापनसम्बन्धी कार्यमा इन्टर्नसिप गर्ने अवसरका लागि आवेदन पेश गरेको छु।

म हाल स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी हुँ। मलाई सूचना प्रविधि (IT) सम्बन्धी राम्रो ज्ञान तथा सीप रहेको र संस्थानले तोकेको जिम्मेवारी इमानदारीपूर्वक, अनुशासित एवं जिम्मेवार ढङ्गले निर्वाह गर्न सक्ने विश्वास दिलाउन चाहन्छु। त्यसैले संस्थानको इन्टर्नसिपसम्बन्धी कार्यविधि, २०८० बमोजिम उक्त सम्मेलन अवधिभर आवश्यक कार्यमा सहभागी भई अनुभव तथा सीप हासिल गर्ने अवसर प्रदान गरिदिनुहुन विनम्र अनुरोध गर्दछु।

धन्यवाद।

निवेदकको विवरण:

नाम, थर: .....

हाल अध्ययनरत तह: स्नातकोत्तर

विषय/कार्यक्रम: .....

रोल नं.: .....

सम्पर्क नं.: .....

इमेल: .....

ठेगाना: .....